प्रदेश सरकार

# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ बमोजिम तहबृद्धि गर्ने सम्बन्धी सूचना

सूचना नं. : ०१/२०७९-८०(तहबृद्धि) सूचना प्रकाशन मिति : २०७९/१०/०४

गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा २७ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रको पदमा तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । दफा ३२ बमोजिमको नकरात्मक सूचीमा नपरेका, तह वृद्धि हुनेभन्दा एक तहमुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा कार्यरत गण्डकी प्रदेश निजामती सेवाका इच्छुक स्थायी कर्मचारीहरुले मन्त्रालयको वेबसाइट mosd.gandaki.gov.np रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लिखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालय/मन्त्रालयको कार्यालय/महाशाखा प्रमुखबाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०७९/१०/१० गते सम्ममा यस मन्त्रालयको प्रशासन, योजना तथा अनुगमन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने बेहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**उम्मेदवार कर्मचारीले आवेदन दिंदा ध्यान दिनुपर्ने विषयहरुः**

१. गण्डकी प्रदेश निजामती सेवाको स्वास्थ्य सेवा बाहेकका अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच बर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।

२. गण्डकी प्रदेश निजामती सेवाको स्वास्थ्य सेवा बाहेकका अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदको पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन कम्तिमा पन्चानब्बे प्रतिशत औसत अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

३. सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ ।

४. गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३२ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

५. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

६. आवेदन फारामसाथ तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको समायोजनपत्रको प्रमाणित प्रतिलिपी २/२ प्रति र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वयंले स्वःघोषणा गरी पेश गर्नुपर्नेछ ।